# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

च. नं. – ३५२

मिती: २०८३/०६/०७

**अनधिकृत रूपमा राखिएका विज्ञापनजन्य होर्डिङ बोर्डहरू हटाउने सम्बन्धी जरुरी सूचना !**

कालिका नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा नगरपालिकाको अनुमति नलिई व्यावसायिक, प्रचारात्मक तथा विज्ञापनजन्य प्रयोजनका लागि अनधिकृत रूपमा राखिएका होर्डिङ बोर्डहरूले नगरको सौन्दर्य, जनसुरक्षा तथा सहरी व्यवस्थापनमा प्रतिकूल असर पारेको पाइएकाले त्यस्ता सम्पूर्ण अनधिकृत होर्डिङ बोर्डहरू यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित व्यक्ति, संस्था वा विज्ञापनकर्ता स्वयंले हटाउन यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको अवधिभित्र अनधिकृत होर्डिङ बोर्डहरू नहटाएमा नगरपालिकाबाट त्यस्ता होर्डिङ बोर्डहरू हटाइने र हटाउने कार्यमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति, संस्था वा विज्ञापनकर्ताबाट प्रचलित कानूनबमोजिम असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

२०८३/६/६

( देवराज चौलागाई )
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np